**[रेइवा ७ संस्करण]**

**कृषि क्षेत्रमा SSW को रूपमा कामदारहरू स्वीकृतिका उत्कृष्ट उदाहरणहरू**

## मिच्चान कोबो कम्पनी

**～बुझ्न सजिलो मानव संसाधन मूल्याङ्कन प्रणाली लागू गरी काम गर्न सहज वातावरण निर्माणमा पूर्ण प्रयास～**

| | |
|---|---|
| **आधारभूत जानकारी**<br>**स्थान:** कुमामोतो प्रान्त, कामिमाशिकी जिल्ला, मशिकी सहर<br>मिच्चान कोबो कम्पनी<br>२०१५ मा कम्पनी निगमन तीन दिदीबहिनीले सञ्चालन<br>**खेती क्षेत्रफल:** ७३ वटा ग्रीनहाउस (३.५ हेक्टर)<br>**मुख्य बाली:** बेबी लीफ<br>**कामदारहरूको संरचना:** १२ जना जापानी र ६ जना विदेशी (SSW तह १ मा ३ जना, SSW तह २ मा ३ जना) |  |
| **विशेष पहलहरू**<br>① कृषि कम्पनीहरूमा कमै देखिने पूर्ण हप्तामा २ दिन बिदा प्रणाली लागू गरिएको छ। महिला कर्मचारी धेरै भएकोले सुत्केरी बिदा, बाल हेरचाह बिदा जस्ता कल्याणकारी सुविधाहरूलाई सुदृढ | |

बनाउँदै सबैले ढुक्कसँग काम गर्न सक्ने वातावरण बनाउन प्रयास गरिएको छ।

② सन् २०२२ देखि मानव संसाधन मूल्याङ्कन प्रणाली लागू गरिएको छ। प्रत्येक काममा के गर्न सक्छ र के गर्न सक्दैन भन्ने कुरा स्पष्ट गरी क्षमता अनुसार तलबको फरक देखिने बनाइएको छ। यसले कर्मचारीहरूलाई आफ्नो कमी सुधार गर्न प्रेरणा दिएको छ। कारखाना म्यानेजरको रूपमा SSW तह २ विदेशी कर्मचारीलाई नियुक्त गरिएको छ, जसले जापानी र विदेशी दुवै कर्मचारीलाई मार्गदर्शन गर्छन्।

**(१) कम्पनीलाई "अर्को घर" जस्तो बनाउने लक्ष्य**

① सन् २०१४ तिरदेखि जागिरको विज्ञापन गर्दा पनि जापानी कर्मचारीको आवेदन आउन छाड्यो र दीर्घकालीन रूपमा कामदारको अभाव हुन थाल्यो। कम्पनीका कर सल्लाहकारको सुझावमा विदेशी कर्मचारी भर्ती गर्ने निर्णय गरियो। पूर्व अध्यक्ष (मित्सुनागा अध्यक्षका पिता) ले "यदि उनीहरूलाई आफ्नै सन्तान जस्तै व्यवहार गर्न सकिँदैन भने विदेशीलाई काममा राख्नु हुँदैन" भन्नुभएको थियो। त्यसैले गम्भीर रूपमा सोचेर सरल र हँसिला स्वभावका व्यक्तिहरू छनोट गरियो।

② सन् २०१६ मा हामीले भियतनामबाट तीन जना महिलाहरूलाई प्राविधिक प्रशिक्षार्थीको रूपमा स्वीकार्यौं। हामीले उनीहरूको व्यक्तिगत जीवनमा मद्दत गरे तापनि काम गर्ने ठाउँको जिम्मेवारी भने कामदारहरूलाई नै सुम्पियौं। त्यही समयमा कुमामोतोमा ठूलो भूकम्प गयो र हामीले उनीहरूलाई उनीहरूका आमाबुबा चिन्तित हुनुहुन्छ भन्यौँ तर उनीहरूले "हामी फर्कन सक्दैनौँ, हामी यहीँ काम गर्न चाहन्छौँ" भने। भूकम्पपछिको लगभग एक महिना बसाइँ र खानपान सँगै

गर्दै केही समय बितायौँ। जापानी कर्मचारीहरूबाट पनि "हामी यी केटीहरूसँग सधैं काम गर्न चाहन्छौँ" भन्ने प्रतिक्रिया आयो।

③ अहिले हाम्रो कम्पनीमा पहिलाका ६ जना प्राविधिक प्रशिक्षार्थीहरू छन्, अहिले तिनीहरूमध्ये ३ जना SSW तह २ बनेका छन्। विवाह गरेर श्रीमान-श्रीमती दुवै काम गर्ने कर्मचारी पनि छन्। कम्पनीलाई "मेरो अर्को घर छ" भन्ने महसुस हुने वातवरण बनाइदिने लक्ष्य राखेर प्रयास गर्दै आएका हौँ अनि अहिले यहाँ सधैं काम गर्न चाहने विदेशीहरू पनि छन्। त्यसैले हाम्रो प्रयासले उनीहरूलाई ढुक्क भएर काम गर्न सकिने ठाउँ बनाइदिन सफल भएको महसुस भएको छ।



**(२) काम गर्ने तरिका सुधार गरी विदेशी कर्मचारीको उत्साह बढाउने**

① हामीले सन् २०२२ मा हप्ताको दुई दिन बिदा दिने व्यवस्था लागू गर्यौं तर विदेशी कामदारहरूले यसको कडा विरोध गरे। पहिला आइतबार मात्र बिदा हुन्थ्यो तर विदेशीहरू सधैँ घरमा सुतिरहने र बेलुकातिर मात्र उठेर किनमेल गर्न जाने गर्थे। उनीहरूले शरीरलाई अझ राम्रोसँग आराम दिनुपर्छ, यति जवान हुँदा यसरी बस्नु राम्रो होइन भन्ने लाग्यो। अनि हामीले तलब बढाइदिने कुरा गरेपछि मात्र उनीहरूले बिदा स्वीकार्न राजी भए। यसले कम्पनीको खर्च बढ्छ कि भन्ने लागेको थियो तर त्यस्तो केही भएन। बरु उल्टै काम अझ छिटो र छरितो रूपमा अघि बढ्न थाल्यो।

② कोही त १८ वर्षको उमेरमा जापान आएर ८ वर्षदेखि काम गरिरहेका युवतीहरू पनि छन्। यसको मतलब उनीहरूको युवावस्था जापानमै बित्यो भन्न सकिन्छ। अनि हामीले उनीहरूको लागि २० वर्ष पुग्दा मनाइने समारोहमा किमोनो (जापानको राष्ट्रिय पोसाक) तयार गरिदिने र कोरोना भन्दा अघिको समयमा टोक्योमा शैक्षिक भ्रमण र काराओके प्रतियोगिताहरू आयोजना गर्ने गर्थ्यौं। हामी उनीहरूले यहाँ काम मात्र नगरी जापानको जीवनको आनन्द पनि लिऊन् भन्ने चाहन्छौँ।

③ सुत्केरी तथा शिशु हेरचाह गर्नको लागि बिदाको प्रबन्धका साथै बच्चा हुर्काइरहेका कामदारहरूलाई सहयोग गर्ने कामदारहरूका लागि पनि हामीले बाल हेरचाह भत्ताको प्रबन्ध मिलाएका छौँ। सन् २०२३ मा हामीले जापानमा उत्कृष्ट व्यवस्थापनका साथ व्यवसाय गरिरहेका कम्पनीहरूहरूलाई दिइने पुरस्कार अन्तर्गत कार्यशैली सुधार विधामा कृषि, वन तथा मत्स्य पालन मन्त्रीबाटाको पुरस्कार प्राप्त गर्यौं। हामीले “यो सबै तपाईंहरूको योगदान हो” भन्दा विदेशी कर्मचारीहरूले “हामीले आफ्नो कर्तव्य मात्र पूरा गरेका हौँ” भने। त्यसपछि हामीले उनीहरूलाई धन्यवाद दिने र पुरस्कारको खुसीयाली मनाउने भोजको आयोजना गर्यौं।



पुरस्कार पाउँदा र अन्तर्वार्ताको लागि बाहिरबाट मानिसहरू आउँदा कामदारहरूको उत्साह बढेको छ। यसले गर्दा उनीहरूको सीप पनि अझ निखारिँदै गएको महसुस गरेका छौँ।

**(३) मानव संसाधन मूल्याङ्कन प्रणाली र करियर विकास**

① हामीले मासिक तलब दिने गर्छौं अनि कम्पनीमा काम सुरु गर्दा आधारभूत तलब १,८०,००० येन हुन्छ। अहिले SSW तह १ को तेस्रो वर्षको तलब २,००,००० येन र SSW तह २ को आठौं वर्षको २,३०,००० येन (दुवैमा ओभरटाइम गरेको ज्याला छुट्टै हुन्छ)। कम्पनीले नाफा बढेपछि आधारभूत तलब बढाउने प्रतिबद्धता गरेका छौँ। हरेक कामदारको दक्षताको आधारमा तलब बढाउने कुरा पनि छ तर विदेशी कामदारहरूबाट किन विदेशीहरू बीच तलब फरक हुन्छ भनेर प्रश्न उठेकोले हामीले सन् २०२२ मा मूल्याङ्कन प्रणाली लागू गरिएको हो।

② हामीले बीउ छर्ने र बाली काट्ने जस्ता कामहरूका बारेमा, काम राम्रोसँग बुझेर एक्लै गर्न सकिने भए कति पारिश्रमिक दिने र अरूसँग सोध्दै गर्न सकिने भए कति दिने भन्ने रकम प्रत्येक कामको आधारमा निर्धारण गरिएको छ। मूल्याङ्कन फाराम को आधारमा सबै कर्मचारीसँग व्यक्तिगत छलफल गरिन्छ, र तलब बढाउनका लागि उनीहरूले के-के सीप सिक्नुपर्छ भन्ने कुरा स्पष्ट रूपमा बताइन्छ। एक जनासँग कुरा गर्न १ घण्टाभन्दा बढी समय लाग्छ, तर कर्मचारीहरूले पनि उक्त समयलाई महत्त्वपूर्ण रूपमा लिने गरेको देखिन्छ।

③ खेत र कारखाना दुवैमा लिडर राखिएको छ। कारखानाको नेतृत्व लिने जिम्मा SSW तह २ विदेशी कामदारलाई सुम्पिएका छौँ र उनले जापानी र विदेशी सबै कर्मचारीहरूको कार्य मूल्याङ्कन गर्छिन्। उनी निकै कडा मूल्याङ्कन गर्छिन् तर उनी प्यारी र भरपर्दो छिन्। कर्मचारीहरूले लामो समयसम्म काम गर्न सकून् भन्ने उद्देश्यले हामीले तह २ को परीक्षा दिनको लागि सहयोग गर्दै आएका छौँ, जसमा हालसम्म ३ जना उत्तीर्ण भइसकेका छन्।

④ कर्मचारी मूल्याङ्कन कामदारहरूलाई न्याय गर्नको लागि होइन, बरु उनीहरूले राम्रोसँग गर्न सकेका काम र सुधार गर्नुपर्ने पक्षहरू स्पष्ट पार्नका लागि गरिन्छ।

अन्तर्वार्ताको समयमा "यस कुरामा अझ मेहनत गरौँ" भनेर बताउँदा, विदेशी कर्मचारीहरूले आफूलाई वस्तुगत रूपमा (निष्पक्ष रूपमा) मूल्याङ्कन गर्न सक्छन्।

महत्त्वपूर्ण कुरा भनेको तलब निर्धारण मात्र होइन, आफूले राम्रोसँग गर्न नसकेको पक्षलाई बुझ्नु हो भन्ने हामीलाई लाग्छ।

यसरी आफूलाई सुधार गर्नुपर्ने कुरा थाहा पाएपछि, उनीहरूले अर्को वर्ष साँच्चै धेरै मेहनत गर्ने गरेका छन्।

**[विदेशी कर्मचारीसँगको अन्तर्वार्ता]**

**① कहिलेदेखि जापानमा काम गर्दै हुनुहुन्छ? कामको विवरण पनि बताइदिनुहोस्।**


रोन जी

→म भियतनामबाट हुँ। म ४ वर्षअघि जापानमा आएँ। सुरुमा मैले निर्माण क्षेत्रमा प्राविधिक प्रशिक्षार्थीको रूपमा काम गरें अनि विवाह गरेपछि म मेरी श्रीमतीले काम गर्ने मिच्चान कोबोमा सँगै काम गरिरहेको छु। भियतनाममा मेरा आमाबुबाले खेतीपाती गर्नुहुन्छ र म उहाँहरूलाई धान र कोमात्सुना (एक जापानी साग) लगायत खेती गर्न मद्दत गर्थें। अहिले म दिनहुँ ट्र्याक्टर चलाउने, मल्चिङ गर्ने र फसल काट्ने जस्ता कामहरू गरिरहेको छु।

**② के तपाईंलाई काममा छिट्टै बानी पर्यो?**

→जापानमा धेरै उपकरण र मेसिनहरू छन्। यो एकदमै सुविधाजनक छ। सुरुमा त गाह्रो भएको थियो तर बिस्तारै सिक्दै गएपछि अहिले बुझ्न सकेको छु।

**③ बिदाको दिन कसरी समय बिताउनुहुन्छ?**

→बिदाको दिनमा म आफ्नो २ वर्षको बच्चासँग खेल्ने गर्छु। म आफ्नै खेतको ग्रीनहाउसमा मूला, बन्दा र पालुङ्गो जस्ता तरकारीहरू लगाउँछु। पहिला मैले सखरखण्ड र घिरौँला पनि लगाउँथेँ। तरकारी महँगो भएकाले म आफै खेती गर्छु। जापानमा खाना स्वादिष्ट छ तर जीवनयापन खर्च महँगो छ।

**④ जापानमा कति समयसम्म काम गर्ने योजना छ?**

→मालिक र यहाँका सबै जना एकदमै दयालु र सहयोगी हुनुहुन्छ। त्यसैले हरेक दिन रमाइलो भइरहेको छ। म जापानमा सधैँ काम गरिरहन चाहन्छु।